
# बनगाड कुपिण्डे नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# शिक्षा समितिको कार्यालय
# देवस्थल,सल्यान

## विद्यालय अनुगमन प्रतिवेदन
## २०८०,फाल्गुन



हाम्रो भनाई

महान जनयुद्ध तथा २०६२।०६३ को ऐतिहासिक जन आन्दोलन र पटक पटकको जनताको त्याग, बलिदान संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदिय शासन प्रणालीको स्थापना भईसकेपछी नेपाल सरकारले मिति २०७३।११।२७ मा पारित गरेको गाँउ, नगर, स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको संख्या र सिमाना निर्धारण आयोगको प्रतिवेदन अनुसार हाम्रो यस बनगाड कुपिण्डे नगरपालिकाको स्थापना भए पश्चात पहिलो पटक नगरपालिकाका सबै वडाका प्रत्येक विद्यालयमा गई अनुगमन गरी स्थलगत रुपमा संकलन गरिएका सूचना तथा तथ्यांकको आधारमा विद्यालय अनुगमन प्रतिवेदन बनाउन पाउँदा गौरबको अनुभुती गरेका छौ । विभिन्न बाहाना वा बाध्यता जे भए पनि शिक्षा क्षेत्रमा देखिएको बेथिति र बेवास्तालाई अन्त्य गर्दै संविधानको मर्म अनुसार आधारभुत तहको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहको शिक्षा नि:शुल्क प्राप्त गर्ने नागरिकको मौलिक हकलाई कार्यन्वयन गर्दै उज्ज्वल भविश्यको आशामा विद्यालय प्रवेश गर्ने कलिला र अबोध बालबालिकाहरुको सुन्दर भविश्य निर्माण गर्न एवं आफ्ना सन्तानको सुनौलो र उज्ज्वल भविश्य निर्माणको लागी संघर्षरत अभिभावकहरुको लगानी सुरक्षित गर्न जिम्मेवार सबै निकाय सजक, उत्तरदायि र जिम्मेवार बन्न आवश्यक छ । आधारभुत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सम्बन्धमा उठेका प्रश्नहरुको उत्तर खोज्ने उत्तरको सही र सटिक जवाफ सरोकारवाला आम अभिभावकलाई दिने र शिक्षा क्षेत्रमा देखा परेका समस्या र चुनौतीहरुको दिगो र भरपर्दो उपाय खोज्ने, न्यूनतम मापदण्ड नपुगेका विद्यालय समायोजन गर्ने र आवश्यकताका आधारमा शिक्षक दरबन्दि मिलानको लागी सुझाव पेश गर्ने जिम्मेवारी सहित यो कार्यदललाई महत्वपुर्ण जिम्मेवारी प्रदान गर्ने बनगाड कुपिण्डे नगरपालिका शिक्षा समिति प्रति आभार प्रकट गर्न चाहान्छौ ।

मिति २०८०।११।०३ देखी मिति २०८०।११।१४ सम्मको विद्यालय अनुगमनका क्रममा अनुगमनकर्ताले मागेका सम्पुर्ण विवरणहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, अभिभावकहरु, वडा अध्यक्षहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छौ । हामिले पेश गरेको प्रतिबेदन बाट यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको गुणस्तरमा सुधार आई शिक्षा क्षेत्रमा आमुल परिवर्तन हुने अपेक्षा गरेका छौं ।

१. जीवन सिहं ठकुरी (अनगमन कार्यदल संयोजक)
२. चक्र बहादुर रावत (अनुगमन कार्यदल सदस्य)
३. वसन्त कुमार शर्मा (अनुगमन कार्यदल सदस्य)
४. नोखराज वि.एम. (अनुगमन कार्यदल सदस्य)
५. सुरेन्द्र खड्का (अनुगमन कार्यदल सदस्य)

अनुगमन सारांश

हाम्रो देश नेपाल संघीय संरचनामा गईसकेपछी आधारभुत तथा माध्यामिक शिक्षाको सम्पुर्ण अधिकार संविधान बमोजिम स्थानिय तहमा आईसकेको छ । स्थानिय तहमा उक्त अधिकार आईसकेपछी बनगाड कुपिण्डे नगरपालिकाले सो अधिकारको कार्यन्वयनको लागी नगर शिक्षा ऐन, नियमावली, कार्यविधि र नगर शिक्षा सुधार योजना लगायतका दस्तावेजहरु निमार्ण गरीसकेको छ ।

भौगोलिक रुपले पिछडिएका एवं राज्यको उपेक्षामा परेका क्षेत्रहरु मध्य बनगाड कुपिण्डे नगरपालिका पनि एक हो । लामो समयदेखीको संक्रमणकालले पिल्सिएको शिक्षा क्षेत्रलाई सुधार गरी कलिला बालबालिकाहरुको उज्ज्वल भविश्य सुनिश्चित गर्ने अभिप्रायले नगरपालिका भित्रका ६५ वटै विद्यालयहरुको अनुगमन तथा मूल्यांकन गरी निष्कर्ष निकाल्दा शिक्षा क्षेत्रमा थोरै सकारात्मक र आशावादी प्रयासहरु र धेरै नकारात्मक तथ्यहरु देखिन्छन् । एकातिर शिक्षकहरुको पेशाप्रतिको बेवास्ता, शिक्षा क्षेत्रमा राज्यको उदासिनता र दुई खालको अस्पष्ट व्यवहार, नियमन, अनुगमन, र मूल्यांकनको पाटो फितलो हुनु, विद्यमान परिक्षा प्रणाली, शिक्षा प्रति अभिभावकको बेवास्ता वा सचेतनाको कमी लगायतका समस्याहरु बाट शिक्षा क्षेत्र ग्रसित भईरहेको छ भने अर्को तिर राज्यले शिक्षा क्षेत्रमा गरेको लगानीले अपेक्षित नतिजा ल्याउन सकेको छैन र सामुदायिक विद्यालय तर्फ अभिभावकको विश्वास बढ्न सकेको छैन । शिक्षकहरुलाई परिवर्तित समय सन्दर्भ अनुरुप तालिम प्रदान गर्न नसक्नु, शिक्षक विद्यार्थी र अभिभावकहरु विचमा निरन्तर अन्तरक्रिया हुन नसक्नु, शिक्षक कर्मचारी एवं उच्च पदस्थ पदाधिकारीहरुका छोराछोरीहरु सामुदायिक विद्यालयको शैक्षिक स्तरप्रति अविस्वास तथा बेवास्ताको कारण सामुदायिक विद्यालयमा नराखिनु, विद्यमान अस्थिर राजनितिक प्रणाली र संक्रमणकालको फाइदा लुट्ने प्रवृत्ती, शिक्षकहरुको राजनिति प्रतिको मोह र राजनितिबाट गलत प्रवृत्तीको संरक्षण गर्ने गलत राजनितिक संस्कार, गलतलाई दण्डित सिर्जनशीलतालाई प्रोत्साहान र उत्कृष्टतालाई पुरस्कार भन्ने मान्यताको कार्यन्वयन हुन नसक्नु, पूर्वाधार विना नै विद्यालय खोल्ने, अनुमती तथा स्वीकृती दिने प्रवृत्ती, विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्था नगरीनु जस्ता यावत समस्या र चुनौतीहरुको विचमा हाम्रो शिक्षा क्षेत्र उभिएको छ ।

केही औलामा गन्न मिल्ने विद्यालयहरु बाहेक अधिकांस विद्यालयहरुको अबस्था मरणासन्न अबस्थामा छ । मरणासन्न अबस्थामा रहेका विद्यालयहरुलाई प्राण दिई पुर्नजन्म दिनु कम्ती चुनौतीपुर्ण छैन् । तर पनि संसारमा कुनै पनि काम असंभव छैन । चुनौतीहरुको विचबाट शिक्षा क्षेत्रमा कायपलट ल्याउन सकिन्छ । न्यूनतम पूर्वाधार पूरा नभएका, विद्यार्थी संख्या न्यून रहेका, पैदल दुरी ३० मिनेट वा सो भन्दा कम भएका, शैक्षिक गुणस्तर न्यून रहेका विद्यालयहरुको अनुमती खारेज गर्ने, गुणात्मक भन्दा पनि संख्यात्मक रुपमा बढिरहेका विद्यालयहरुको नक्सांकन गरी भौगोलिक अबस्था, स्रोत साधन र जनसंख्यालाई विश्लेषण गरी एउटा वडामा रहन सक्ने अधिकतम

केही औलामा गन्न मिल्ने विद्यालयहरु बाहेक अधिकांस विद्यालयहरुको अबस्था मरणासन्न अबस्थामा छ । मरणासन्न अबस्थामा रहेका विद्यालयहरुलाई प्राण दिई पुर्नजन्म दिनु कम्ती चुनौतीपुर्ण छैन् । तर पनि संसारमा कुनै पनि काम असंभव छैन । चुनौतीहरुको विचबाट शिक्षा क्षेत्रमा कायपलट ल्याउन सकिन्छ । न्यूनतम पूर्वाधार पूरा नभएका, विद्यार्थी संख्या न्यून रहेका, पैदल दुरी ३० मिनेट वा सो भन्दा कम भएका, शैक्षिक गुणस्तर न्यून रहेका विद्यालयहरुको अनुमती खारेज गर्ने, गुणात्मक भन्दा पनि संख्यात्मक रुपमा बढिरहेका विद्यालयहरुको नक्सांकन गरी भौगोलिक अबस्था, स्रोत साधन र जनसंख्यालाई विश्लेषण गरी एउटा वडामा रहन सक्ने अधिकतम विद्यालयहरुको संख्या एकिन गर्ने, पूर्वाधार पूरा भएका विद्यालयहरुको पहिचान गरेर सोही अनुसार विद्यालयको स्थापना सञ्चालन र व्यबस्थापन गर्ने, संविधानले नै आधारभुत तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुनुपर्ने भनी शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा ब्यवस्था गरिसकेपछी आधारभुत तथा माध्यामिक तहको शिक्षाको सम्पुर्ण जिम्मेवारी राज्यले नै लिएर शिक्षा क्षेत्रमा भईरहेको व्यापारीकरण र लुटतन्त्रलाई अन्त्य गर्न राज्य निर्मम तरिकाले लाग्ने र अभिभावकले पनि बालबालिकाको उज्ज्वल भविश्यको लागी शिक्षा क्षेत्रमा केही लगानी गर्नुपर्ने, समयानुकुल पाठ्यपुस्तक, शैक्षिक सामाग्री, सीपमुलक, व्यवसायिक, प्राविधिक शिक्षामा राज्यले लगानी गर्ने, विद्यमान भौतिक संरचना बालमैत्री एवं वातावरणमैत्री हुनुपर्ने, नियमन, अनुगमन, मूल्यांकन र प्रतिवेदन लाई चुस्त दुरुस्त र वास्तविक बनाई अनुगमनको क्रममा देखिएका राम्रा नराम्रा पक्षहरुलाई विश्लेषण गरी समस्याको समाधान र पृष्ठपोषणमा जोड दिने, विद्यालयको स्तर सुधार गर्न सम्बन्धित वडा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरु समेत लाई प्रत्यक्ष उत्तरदायि बनाउने, शिक्षकहरुको क्षमता अभिवृद्धीको लागी कम्तिमा ३ वर्षमा १ पटक लामो समयको र प्रत्येक बर्ष कम्तिमा १ पटक छोटो समयको तालिमको ब्यवस्था गर्ने, विषयगत योग्य शिक्षकहरुको ब्यवस्था गर्ने, विद्युतिय हाजिरी, प्रोजेक्टरको माध्यमबाट शिक्षण, कम्प्युटर शिक्षा, अंग्रेजी माध्यम, आई.टी.प्रविधिमा आधारित शिक्षामा जोड लगायतका कार्यहरुलाई अभियानकै रुपमा युद्धस्तरमा सञ्चालन गर्न सकेको खण्डमा छोटो समयमा नै शिक्षा क्षेत्रमा आमुल परिवर्तन संभव छ ।

अतः चुनौती नै चुनौतीले भरिएको हाम्रो शिक्षा क्षेत्रको भविश्यलाई उज्ज्वल बनाई आम बालबालिकाहरुको सुन्दर भविश्य सुनिश्चित गर्न सरोकारवाला जिम्मेवार निकायहरुले सक्रियता र सजकतापुर्वक आफ्नो जिम्मेवारी बहन गर्न आवश्यक छ । जतातत‍ै समस्या देखाउने होइन की शिक्षा क्षेत्रका वास्तविक समस्याहरुको पहिचान गरी ती समस्याहरुको वास्तविक समाधान खोज्नु बुद्दिमानी हुनेछ । यो या त्यो बहानामा कलिला अबोध बालबालिकाहरुको भविश्यमा खेलबाट गर्ने छुट कसैलाई छैन र त्यस्तो कार्य अक्षम्य हुनेछ ।

विषयसूची


१.हाम्रो भनाई
२.अनुगमन साराश
३.पृष्ठभुमी
४.उदेश्य
५.अध्ययन विधि
६.तथ्यांक विश्लेषण र प्राप्ती
७.सुझावहरु
८.निष्कर्ष
९.अनुसूचीहरु


१.पृष्ठभुमी

आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा दिने उदेश्यले जंगबहादुर राणाले वि.स.१९१० मा दरबार हाईस्कुलको स्थापना गरेदेखी नै नेपालमा औपचारिक शिक्षा प्रारम्भ भएको हो । राणाहरु स्वभावले नै शिक्षा विरोधी थिए जसले गर्दा राणाकालमा शिक्षाको विकास हुन सकेन । पञ्चायत कालमा २०२८ सालमा नेपाल राष्ट्रिय शिक्षा पद्धतिको गठन गरी शिक्षा विकासमा केही सुधार गर्न खोजियो । तर विद्यालय विकासमा अभिभावक तथा स्थानिय सरोकारवालाहरुलाई विश्वासमा लिन नसकेकै कारणले यो योजनाले पनि अपेक्षित सफलता पाउन सकेन । प्रजातन्त्रको पुन स्थापना पश्चात निजि विद्यालयहरु प्रशस्त खुले तर सार्वजनिक विद्यालयको स्थिति दिन प्रतिदिन नाजुक बन्दै गयो । वि.सं.२०४६ सालको राजनितिक परिवर्तनदेखी हालसम्म शिक्षाको समस्या पहिचान गरी समाधानका उपाय सहितको प्रतिवेदन पेश गर्न सरकारले धेरै वटा शिक्षा आयोगहरु बनायो ।

२०६२।०६३ को जनआन्दोलन पश्चात विद्यालय शिक्षामा समयानुकुल परिवर्तन आउने अपेक्षा पनि गरियो । यसका लागी संस्थागत, सरकारी एवं गैरसरकारी तवरमा विभिन्न प्रयासहरु पनि भए । र पनि सामुदायिक विद्यालयहरुमा खासै सुधार हुन सकेन । नेपालको संविधान २०७२ लागुभई सकेपछी शिक्षा ऐन परिवर्तित गरी परिवर्तित ऐनमा शिक्षक ब्यवस्थापनको लागी केही प्रावधान पनि राखियो । तर शिक्षा ऐनको ८ औं संसोधन कार्यन्वयन नहुँदै ९ औं संसोधन गरियो । यस प्रति सरोकारवालाहरुको कडा विरोध भएपछी कार्यन्वयनमा अन्यौलता देखिएको छ ।

त्यसो त सरकार परिवर्तन हुन साथ शिक्षा आयोग बन्ने र आयोगले सरकारलाई प्रतिवेदन पेश गर्ने कार्य भयो तर शिक्षा विकास लाई लक्षित विन्दु सम्म पुऱ्याउने ठोस कार्य हुन सकेन । संविधान अनुसार स्थानिय, प्रादेशिक र संघीय सरकार बनिसकेको अबस्थामा झण्डै ६ दशक अगाडी बनाएको शिक्षा ऐन २०२८ को औचित्यतामा प्रश्न उठाउन थालिएको छ । संविधानले नै प्रत्याभुत गरेको माध्यामिक तह सम्मको शिक्षा व्यवस्थापन स्थानिय सरकारलाई छ । शिक्षाको सन्तुलित विकास विना अन्य क्षेत्रको विकास सम्भव नहुने यथार्थ लाई

अनुगमन गरियो ।
स्थानिय सरकार सञ्चालन ऐन २०७४, बनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन, नियमावली, कार्यविधी र शिक्षा सुधार योजना समेत जारी भईसकेको अवस्थामा शिक्षक व्यवस्थापन, नगर स्तरिय परिक्षा व्यवस्थापन, शैक्षिक तथ्यांक व्यवस्थापन, विद्यालय व्यवस्थापन, विद्यालय समायोजन, दरबन्दि मिलान सगै विद्यालयका समस्या पहिचान गरी समाधानका उपायको खोजीगरी सहजीकरण गर्ने र शिक्षामा गुणस्तर कायम गर्ने जस्ता जल्दाबल्दा सवालहरुमा अध्ययन गरी सुझाव पेश गर्न नगर शिक्षा समिति बनगाड कुपिण्डे नगरपालिका द्वारा मिति २०८०।०९।२३ गते वडा नं.७ का वडा अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक जीवन सिहं ठकुरी को संयोजकत्वमा गठित अनुगमन कार्यदल समितिले मिति २०८०।११।०३ गते देखी २०८०।११।१४ गते सम्म नगरपालिकाभित्रका सबै विद्यालयहरुमा स्थलगत अनुगमन गरी सुझाव पेश गरियो ।

२.उद्देश्य
क)निश्चित मापदण्ड नपुगेका विद्यालयहरुको पहिचान गरी समायोजन गर्ने ।
ख)तहगत एवं विषयगत रुपमा दरबन्दि मिलानको लागी आवश्यक सुझाव दिने ।
ग)विद्यालयका समग्र शैक्षिक समस्याहरु पहिचान गर्ने ।
घ)विद्यालयहरु बाट गरिएका राम्रा शैक्षिक अभ्यासहरुको पहिचान गर्ने ।
ङ)विद्यालयले सामना गर्नु परेका समस्याहरुको समाधानका उपायहरुको खोजी गरी जानकारी गराउने ।
च)विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धीका लागी देखा परेका शैक्षिक समस्याहरुको जानकारी लिने ।
छ)शैक्षिक गुणस्तर अभिवृद्धीका लागी आवश्यक निति निर्माण गरी कार्यन्वयन गर्ने गराउने ।
ज)नगर पालिका स्थित सम्पुर्ण विद्यालयको अनुगमन गरी यथार्थ बिवरण नगर शिक्षा समिति र नगर कार्यपालिकामा पेश गरी भावि योजना निर्माण मा पृष्ठपोषण दिने ।
झ)विद्यार्थी संख्या र भौगोलिक आधारमा विद्यालयहरुको कक्षा थपघट गर्ने ।
ञ)स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा कार्यहरुको सूचिसहित सामुदायिक विद्यालयको व्यवस्थापकिय अधिकार स्थानिय तहमा सुरक्षित गरी सकेको अवस्थामा विद्यालयहरुमा उत्पन्न अवस्थाको पहिचान गर्ने ।

३. अध्ययन विधि
क) प्रत्यक्ष अवलोकन
बनगाड कुपिण्डे नगरपालिकामा अवस्थित ६५ वटा सामुदायिक विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, शिक्षक र विद्यार्थी अनुपात तथा प्रशासनिक पक्षको प्रत्यक्ष अवलोकन गरियो । सम्बन्धित विद्यायलका प्रधानाध्यापक, शिक्षक, विद्यायल व्यवस्थापन समिति लगायत संग शिक्षण सिकाईका विभिन्न पक्षमा बुझि सिकाईमा परेका बाधाहरुबारे छलफल गरियो ।
ख) दस्तावेज अध्ययन
विद्यालयमा विगतमा आएका आगन्तुकहरुको सुझाव कार्यन्वयनको अवस्था विद्यालयको विकासको लागी स्थानिय सरकार सगै विभिन्न निकायहरुबाट प्राप्त भएको बजेट कार्यन्वयनको अवस्था, विद्यालयको जिन्सी खाता रेकर्ड, पालिका स्तरबाट उपलब्ध भएका विभिन्न त्यावहरुको प्रयोगको अवस्था, शिक्षक हाजीरी, विद्यार्थी हाजिरी र शिक्षक कर्मचारीको विदा रेकर्डहरु हेरियो ।
ग) प्रवचन
बनगाड कुपिण्डे नगरपालिका स्थित विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, जनप्रतिनिधी र अनुगमनमा खटिएका अनुगमन टोलीको उपस्थितिमा स्थानिय सरकार सञ्चालन ऐन २०७४ का आधारमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापनका लागी गरेका निर्णयहरुको बारेमा जानकारी गराई शिक्षाको गुणस्तर उकास्न गरिनु पर्ने उपायहरुको बारेमा प्रवचन दिइयो । प्रवचन पश्चात विद्यालयका शिक्षकहरु बाट उठाईएका सवालहरुको जवाफ समेत दिइयो ।
४) तथ्यांक विश्लेषण र प्राप्ति
बनगाड कुपिण्डे नगरपालिका स्थित ६५ वटै सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन तथा निरीक्षणबाटा प्राप्त तहगत रुपमा मौज्जाद शिक्षक विवरण, अनुमति वा स्वीकृती लिएका विद्यालयहरुको विवरण, कक्षागत विद्यार्थी विवरण, प्रधानाध्यापकहरुको विवरण, विद्यालयहरुमा रहेका शिक्षकहरुको विवरण, सञ्चालित विद्यालयहरुमा आवश्यक पर्ने दरबन्दी विवरण, समायोजन हुने तथा हुन जाने विद्यालयहरुको विवरण क्रमश तल अनुसूचीहरुमा उल्लेख गरिएको छ । अनुगमनका क्रममा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा देहायका समस्याहरु रहेको पाइयो ।

समस्याहरु:
१)आधारभुत तह कक्षा ६-८ र माध्यमिक तहमा विषयगत शिक्षक कमी भएको ।
२)अन्धाधुन्ध रुपमा विद्यालय खोली शिक्षाको गुणात्मक भन्दा संख्यात्मक पक्षमा जोड दिएको ।
३)प्राय:जसो विद्यालयहरुको प्रधानाध्यापक योग्य नभएको र पदिय जिम्मेवमरी बहन गर्न नसकेको ।
४)अभिभावकहरुमा सचेतनाको कमी भई विद्यालय प्रतिको अपनत्व ग्रहण गर्न नसकेको ।
५)विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकारको सही समुपयोग नगरेको ।
६)नजिक नजिकको दुरीमा विद्यालय स्थापना भएकोले विद्यार्थी संख्या न्यून भएको ।
७)शैक्षिक सामाग्रीको अभावमा परम्परागत शिक्षणशैली अपनाएको ।
८)परिक्षा औपचारिकतामा सिमित भई नतिजा विश्लेषण नभएको र पृष्ठपोषण नदिईएको ।

४)अभिभावकहरुमा सचेतनाको कमी भई विद्यालय प्रतिको अपनत्व ग्रहण गर्न नसकेको ।
५)विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकारको सही सदुपयोग नगरेको ।
६)नजिक नजिकको दुरीमा विद्यालय स्थापना भएकोले विद्यार्थी संख्या न्यून भएको ।
७)शैक्षिक सामाग्रीको अभावमा परम्परागत शिक्षणशैली अपनाएको ।
८)परिक्षा औपचारिकतामा सिमित भई नतिजा विश्लेषण नभएको र पृष्ठपोषण नदिईएको ।
९)तालिम प्राप्त लेखा सहायकको अभावमा विद्यालयको हिसाव खाताहरु व्यवस्थित नभएको ।
१०)विद्यालयहरुमा विद्युत र कम्प्युटर को अभाव र भएका विद्यालयमा पनि न्यून प्रयोग भएको हुदाँ कम्प्युटर शिक्षा सैद्धान्तिक ज्ञानमा सिमित भएको ।
११)केही विद्यालयहरुमा भौगोलिक विकटताको कारण विद्यार्थीहरु नियमित रुपमा उपस्थित नभएको ।
१२)भौगोलिक विकटता, गरिबी र बसाईसराईका कारण धेरै विद्यार्थीहरुले विचमै कक्षा छोड्ने गरेको ।
१३)कक्षाकोठा, शौचालय, खानेपानी र विद्यालय वातावरणको सरसफाईको अवस्था राम्रो नभएको ।
१४)केही विद्यालयमा घेराबार, खानेपानी, शौचालय, भवन, खेलमैदान नभएको र भएको पनि जिर्ण अवस्थामा रहेको ।
१५)केही विद्यालयमा भएका स्रोतसाधनहरुको अधिकतम प्रयोग नभएको ।
१६)अधिकांश विद्यालयहरुको विद्यार्थी सिकाई उपलब्धि न्यून रहेको ।
१७)पाठयोजना र शैक्षिक सामाग्री सहितको तयारी साथ कक्षा सञ्चालन नभएको ।
१८)अधिकांस शिक्षकहरुमा सुचना प्रविधीको ज्ञान कमजोर रहेको ।
१९)दिवा खाजा व्यवस्थित हुन नसकेको ।

५) सुझावहरु

बनगाड कुपिण्डे नगरपालिकाको शिक्षा प्रणालीमा आमुल परिवर्तन गरी गुणस्तर कायम गर्न तपशिलका कार्यहरु गर्नुपर्ने देखिन्छ ।
१)विद्यार्थी शिक्षक अनुपात र विषयगत रुपमा शिक्षक दरबन्दि मिलान गरी तत्काल आवश्यकताका आधारमा नगर करार शिक्षक नियुक्ति गर्नुपर्ने ।
२)लामो समय सम्म एउटै विद्यालयमा कार्यरत शिक्षकहरुलाई निश्चित मापदण्ड निर्माण गरी सरुवा गर्नुपर्ने ।
३)कार्यविधिमा व्यवस्था भए बमोजिम तहगत रुपमा योग्य प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने ।
४)विषयगत र तहगत रुपमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने ।
५)नियमित रुपमा प्रत्येक विद्यालयको अनुगमन गरी प्राप्त नतिजाको आधारमा आवश्यक निति निर्माण गरी निर्देशन गर्नुपर्ने ।
६)परीक्षा प्रणालीमा व्यापक सुधार गरी परिक्षा बाट प्राप्त नतिजा लाई अनिवार्य रुपमा विश्लेषण र पृष्ठपोषण दिनुपर्ने ।
७)विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन सम्बन्धि तालिम प्रदान गर्नुपर्ने ।
८)बर्षमा १ पटक जनप्रतिनिधि, शिक्षक, विद्यार्थी र अभिभावक विच शैक्षिक अन्तरक्रिया गराउनु पर्ने ।
९)प्रत्येक माध्यमिक विद्यालयमा अनिवार्य रुपमा संगित, खेलकुद शिक्षक र नर्सिङ कर्मचारीको व्यवस्था गर्नुपर्ने ।
१०)स्थानिय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गर्न शिक्षक लाई तालिम प्रदान गर्नु पर्ने ।
११)प्रयाप्त खेलकुद मैदान सहितका बालमैत्री र वातावरणमैत्री विद्यालय संरचना निर्माणमा जोड दिनुपर्ने ।
१२)शिक्षकहरुको क्षमता अभिवृद्धीको लागी कम्तिमा ३ बर्षमा १ पटक लामो समयको र प्रत्येक बर्ष कम्तिमा १ पटक छोटो समयको तालिमको व्यवस्था गर्नुपर्ने ।
१३)तत्काल बालविकास देखी कम्तीमा कक्षा ३ सम्म अंग्रेजी माध्यम लागु गरी शिक्षक लाई Classroom Language सम्बन्धि तालिम प्रदान गर्नुपर्ने ।
१४)सामुदायिक विद्यालयमा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुलाई टाई, बेल्ट, झोला, पोसाक र जुत्ता अनिवार्य गर्न लगाउने र शिक्षकहरुलाई पोसाक अनिवार्य गर्न लगाउने ।
१५)विद्युतिय हाजिरी, प्रोजेक्टरको माध्यमबाट शिक्षण, कम्प्युटर शिक्षा, अंग्रेजी माध्यम, आई.टी.प्रविधिमा आधारित शिक्षामा जोड दिनुपर्ने ।
१६)प्रत्येक बालबालिकाहरुको अभिभावकहरुमा शैक्षिक चेतनाको विकास गरी बर्षमा ३ पटक विद्यालयमा उपस्थित भई आफ्ना बालबालिकाको प्रगती विवरण बारे जानकारी लिनुपर्ने व्यवस्था गर्ने ।
१७)पालिका स्तरमा बर्षमा २ पटक अन्तर विद्यालय स्तरिय शैक्षिक प्रतियोगीताहरु सञ्चालन गर्नुपर्ने ।
१८)बर्षमा १ पटक पालिका स्तरको शैक्षिक पढाई मेला सञ्चालन गर्नुपर्ने ।
२९)शिक्षकले कक्षाकोठामा सिकाई सहजिकरण प्रकृया अगाडी बढाउनु पर्ने ।
२०)शिक्षकहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने ।
२१)शिक्षकको तलवभत्ता मासिक रुपमा निकासाको व्यवस्था गर्नुपर्ने ।
२२)विद्यालयका प्रअ हरुलाई विद्यालयको कामकाजमा जादाँ निश्चित भत्ताको व्यवस्था गर्नुपर्ने ।
२३)शिक्षकहरुले कुनैपनि दलको सक्रिय राजनिति गर्न नपाउने व्यवस्था गर्नुपर्ने ।
२४)दिवा खाजा व्यवस्थित गर्नुपर्ने ।
२५)शिक्षक कर्मचारीहरु लाई लेखा व्यवस्थापन तालिम दिनुपर्ने ।
२६)तपशिल अनुसार विद्यालयहरु समायोजन र दरबन्दी मिलान गर्नुपर्ने ।

तपशिल

क)समायोजन हुने र समायोजन हुन जाने विद्यालय विवरण

| क.सं. | समायोजन हुने विद्यालय र ठेगाना | समायोजन हुन जाने विद्यालय र ठेगाना |
|---|---|---|
| १ | श्री भैरवी प्राथमिक विद्यालय(१-३) वडा नं.६ डुडाखोला | श्री सरस्वती प्राथमिक विद्यालय(०-५) वडा नं.६ सुनौली |
| २ | श्री दलित जनता प्राथमिक विद्यालय(१-३) वडा नं.१२ ताल | श्री गोब्राही प्राथमिक विद्यालय(०-५)वडा नं. १२ दुरुमखोला |

ख)कक्षा घटाउने विद्यालयहरु

| क. सं. | विद्यालयको नाम ठेगाना | हाल रहेको कक्षा | कायम हुने कक्षा | पायक पर्ने विद्यालय |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्राथमिक विद्यालय वडा नं.१ खहरेखोला | ०-५ | ०-३ | श्री भैरवी आ.वि. वडा न. १ बेलखोला |
| २ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ अम्रा | १-५ | बाल विकास | श्री प्रभाकर मा.वि. वडा नं. १ देवस्थल |
| ३ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ नाम्रा | ०-५ | बाल विकास | श्री शारदा आ.वि. क्युरेनी |
| ४ | श्री शैक्षिक जनचेतना प्रा.वि.वडा नं.१ माल्पे | ०-३ | वालविकास | श्री प्रभाकर मा.वि. वडा नं. १ देवस्थल |
| ५ | श्री जनकल्याण प्रा.वि.वडा नं.२ राईरा | १-५ | ०-३ | श्री आधारभुत विद्यालय वडा नं. २ लाहाघाट |
| ६ | श्री बासुका प्रा.वि. वडा नं.२ फलतेपानि | ०-५ | ०-३ | श्री आधारभुत विद्यालय वडा नं. २ घर्तीगाउँ |
| ७ | श्री भगवती प्रा.वि. वडा नं.२ बाहुनगाउँ | ०-३ | वालविकास | श्री आधारभुत विद्यालय वडा नं. २ घर्तीगाउँ |
| ८ | श्री जनता प्रा.वि वडा नं.३ खरीक | १-३ | वालविकास | श्री मुक्ति माध्यमिक विद्यालय वडा नं ३ हिले पोखरी |
| ९ | श्री बाललिला प्रा.वि.वडा नं.४ देउली | १-३ | वालविकास | श्री जय नेपाल आ.वि. वडा नं. ४ गर्चे |
| १० | श्री धुव्रतारा प्रा.वि.वडा नं.४ च्युरा | ०-५ | ०-३ | श्री त्रिभुवन जनता मा.वि. वडा नं. ५ शंखपिपल, च्युरा |
| ११ | श्री लक्ष्मी प्रा.वि.वडा नं.५ मैनेनी | १-३ | वालविकास | श्री सरस्वती आ वि वडा नं. ५ लाखर |
| १२ | श्री बालसरस्वती प्रा.वि. वडा नं.७ पाखापानी | ०-५ | ०-३ | श्री जिवन ज्योती प्राथमिक विद्यालय वडा नं ७ रमचाउन |
| १३ | श्री आधारभुत विद्यालय वडा नं.१० थापाचौर | ०-६ | ०-५ | श्री शिद्देश्वरी मा.वि. वडा नं. १२ निगालचुला |

तपशिल

क)समायोजन हुने र समायोजन हुन जाने विद्यालय विवरण

| क.सं. | समायोजन हुने विद्यालय र ठेगाना | समायोजन हुन जाने विद्यालय र ठेगाना |
|---|---|---|
| १ | श्री भैरवी प्राथमिक विद्यालय(१-३) वडा नं.६ डुडाखोला | श्री सरस्वती प्राथमिक विद्यालय(०-५) वडा नं.६ सुनौली |
| २ | श्री दलित जनता प्राथमिक विद्यालय(१-३) बडा नं.१२ ताल | श्री गोब्राही प्राथमिक विद्यालय(०-५)वडा नं. १२ दुरुमखोला |

ख)कक्षा घटाउने विद्यालयहरु

| क. सं. | विद्यालयको नाम ठेगाना | हाल रहेको कक्षा | कायम हुने कक्षा | पायक पर्ने विद्यालय |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्राथमिक विद्यालय वडा नं.१ खहरेखोला | ०-५ | ०-३ | श्री भैरवी आ.वि. वडा नं. १ बेलखोला |
| २ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ अम्रा | १-५ | ०-१ | श्री प्रभाकर मा.वि. वडा नं. १ देवस्थल |
| ३ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ नाम्रा | ०-५ | बाल विकास | श्री शारदा आ.वि. क्युरेनी |
| ४ | श्री शैक्षिक जनचेतना प्रा.वि.वडा नं.१ माल्पे | ०-३ | ०-१ | श्री प्रभाकर मा.वि. वडा नं. १ देवस्थल |
| ५ | श्री जनकल्याण प्रा.वि.वडा नं.२ राईरा | १-५ | ०-३ | श्री आधारभुत विद्यालय.वडा नं. २ लाहाघाट |
| ६ | श्री बासुका प्रा.वि. वडा नं.२ फलतेपानि | ०-५ | ०-३ | श्री आधारभुत विद्यालय वडा नं. २ घर्तीगाउँ |
| ७ | श्री भगवती प्रा.वि. वडा नं.२ बाहुनगाउँ | ०-३ | वालविकास | श्री आधारभुत विद्यालय वडा नं. २ घर्तीगाउँ |
| ८ | श्री जनता प्रा.वि. वडा नं.३ खरीक | १-३ | वालविकास | श्री मुक्ति माध्यमिक विद्यालय वडा नं ३ हिले पोखरी |
| ९ | श्री बाललिला प्रा.वि.वडा नं.४ देउली | १-३ | वालविकास | श्री जय नेपाल आ.वि. वडा नं. ४ गर्चे |
| १० | श्री ध्रुवतारा प्रा.वि.वडा नं.४ च्युरा | ०-५ | ०-३ | श्री त्रिभुवन जनता मा.वि. वडा नं. ५ शंखपिपल, च्युरा |
| ११ | श्री लक्ष्मी प्रा.वि.वडा नं.५ मैनेनी | १-३ | ०-१ | श्री सरस्वती आ वि वडा नं. ५ लाँखर |
| १२ | श्री बालसरस्वती प्रा.वि. वडा नं.७ पाखापानी | ०-५ | ०-३ | श्री जिवन ज्योती प्राथमिक विद्यालय वडा नं ७ रमचाउन |
| १३ | श्री आधारभुत विद्यालय वडा नं.१० थापाचौर | ०-६ | ०-५ | श्री शिद्धेश्वरी मा.वि. वडा नं. १२ निगालचुला |

ग) दरबन्दी कटौती हुने विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम ठेगाना | हाल कायम रहेको दरबन्दी संख्या | कटौती हुने दरबन्दी संख्या ( प्राथमिक तह) | कायम रहने दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ अग्रा | ३ | २ | १ |
| २ | श्री गंगा प्राथमिक विद्यालय वडा नं. १ नाम्रा | २ | २ | ० |
| ३ | श्री कालिका प्रा.वि.वडा नं.६ चौतारा | ४ | १ | ३ |
| ४ | श्री अन्धविनाशिनी प्रा.वि.वडा नं.१२ बस्नेउरा | ४ | १ | ३ |
| ५ | श्री कृष्ण प्राथमिक विद्यालय वडा नं.१ खहरेखोला | ३ | २ | १ |
| ६ | श्री शैक्षिक जनचेतना प्रा.वि.वडा नं.१ माल्ये | २ | २ | ० |
| ७ | श्री लक्ष्मी प्रा.वि.वडा नं.५ मैनेनी | २ | २ | ० |
| ८ | श्री बालसरस्वती प्रा.वि. वडा नं.७ पाखापानी | ३ | २ | १ |
| | जम्मा | २३ | १४ | ९ |

घ)विद्यार्थी संख्याको आधारमा दरबन्दी थप्नु पर्ने विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम ठेगाना | हाल कायम रहेको दरबन्दी संख्या | | | थप हुने दरबन्दी संख्या | | | कायम रहने दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रा. | निमा. | मा. | प्रा. | निमा. | मा. | जम्मा |
| १ | श्री जीवन ज्योती प्रा.वि.वडा नं.७ रम्चाउना | १ | | | २ | | | ३ |
| २ | श्री प्रेमज्योती प्रा.वि.वडा नं.१० पराजुल | ० | | | १ | | | १ |
| ३ | श्री काफलगैरी प्रा.वि.वडा नं.९ शेरा | ० | | | १ | | | १ |
| ४ | श्री भैरवी आधारभुत विद्यालय वडा नं.१ बेलखोला | २ | १ | ० | १ | २ | | ६ |
| ५ | श्री बाल ज्योती प्राथमिक विद्यालय वडा न..३ पाटके | २ | | | १ | | | ३ |
| ६ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय वडा नं. ३ पोखरा | २ | | | १ | | | ३ |
| ७ | श्री जनता प्राथमिक विद्यालय वडा नं. ४ रोकागाउँ | २ | | | १ | | | ३ |
| ८ | श्री अमर प्राथमिक विद्यालय वडा नं. ४ काफलपानी | २ | | | १ | | | ३ |
| ९ | श्री आधारभुत विद्यालय वडा नं.२ लाहाघाट | ३ | १ | | ० | २ | | ६ |
| १० | श्री जनता प्राथमिक विद्यालय वडा नं. ६ काराकोट | २ | | | १ | | | ३ |
| ११ | श्री आधारभुत विद्यालय वडा नं.२ घर्तीगाउँ | ४ | १ | | ० | १ | | ६ |
| १२ | श्री शारदा आधारभुत विद्यालय वडा नं.३ स्युरेनी | ३ | १ | | ० | २ | | ६ |
| १३ | श्री जय नेपाल आधारभुत विद्यालय वडा नं.४ गर्चे | ३ | २ | | ० | १ | | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री भगवती आधारभुत विद्यालय वडा नं.५ खैरागार | ३ | १ | | १ | १ | | ६ |
| १५ | श्री सरस्वती आधारभुत विद्यालय वडा नं.५ लाखर | ३ | १ | | ० | २ | | ६ |
| १६ | श्री राधा आधारभुत विद्यालय वडा नं.६ भलाखर्क | ४ | १ | | ० | १ | | ६ |
| १७ | श्री जनकल्याण आधारभुत विद्यालय वडा नं.९ स्वारा | ४ | १ | | ० | १ | | ६ |
| १८ | श्री भगवती आधारभुत विद्यालय वडा नं.१० माफ्काडाँ | ३ | १ | | १ | १ | | ६ |
| १९ | श्री भेरी आधारभुत विद्यालय वडा नं.११ गरामा | ३ | १ | | ० | २ | | ६ |
| २० | श्री दिपेन्द्र प्राथमिक विद्यालय वडा नं. ८ कौले | २ | | | १ | | | ३ |
| २१ | श्री नवज्योती मा.वि.वडा नं.८ अधेरी | ३ | १ | २ | ० | २ | २ | १० |
| २२ | श्री प्रतिभा मा.वि.वडा नं. ९ जयतपानी | ३ | १ | १ | ० | २ | ३ | १० |
| २३ | श्री मुक्ति मा.वि वडा नं. ३ हिलेपोखरी | ३ | ३ | २ | ० | ० | ३ | ११ |
| २४ | श्री महेन्द्र मा.वि.वडा नं.११ आपचौर | ४ | ३ | २ | ० | ० | १ | १० |
| २५ | श्री सिदेश्वरी मा.वि.वडा नं.१२ माफ्खर्क | ४ | ३ | २ | ० | ० | १ | १० |
| २६ | श्री कुपिण्डेश्वरी प्राथमिक विद्यालय वडा नं.८ चारखुवा | ३ | | | १ | | | ४ |
| | जम्मा | ६८ | २३ | ९ | १४ | २० | १० | १४४ |

तहगत र विषयगत रुपमा थप गर्नुपर्ने जम्मा शिक्षक विवरण
निम्नमाध्यमिक तह: २० जना
माध्यमिक तह: १० जना

ङ)थप गर्नुपर्ने वालविकास कक्षाहरु
१.जनता प्राथमिक विद्यालय वडा नं.१ बस्नेउरा
२.जनकल्याण प्राथमिक विद्यालय वडा नं.२ राईरा
३.जनता प्राथमिक विद्यालय वडा नं.३ खरीक
४.बालज्योती प्राथमिक विद्यालय वडा नं.३ पाटुके
५.बाललिला प्राथमिक विद्यालय वडा नं. ४ देउली
६.जनता प्राथमिक विद्यालय वडा नं.४ रोकागाउँ
७.जनता प्राथमिक विद्यालय वडा नं.६ काँराकोट
८.दिपेन्द्र प्राथमिक विद्यालय वडा नं.८ कौले
९.कुपिण्डेश्वरी प्राथमिक विद्यालय वडा नं. ८ थारा
१०.महादेव प्राथमिक विद्यालय वडा नं.८ ज्यामिरे
११.दिपसिर्जना प्राथमिक विद्यालय वडा नं.१० साधनबास
१२.शिव प्राथमिक विद्यालय वडा नं.१० खानिगाउँ
१३.गंगा प्राथमिक विद्यालय वडा नं. १ अम्रा
१४. सामुदायिक बाल विकास केन्द्र वडा नं. ३ कारागाउँ
१५. सामुदायिक बाल विकास केन्द्र वडा नं. ५ नाथेखोला
१६. श्री लक्ष्मी प्राथमिक विद्यालय वडा नं. ५ मैनेनी

६)निष्कर्ष

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ संग सम्बन्धित अनुसूची ८ र ९ तथा स्थानिय सरका सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ ज बमोजिम आधारभुत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धि सम्पुर्ण अधिकार स्थानिय तहलाई जिम्मा दिईसकेको परिपेक्ष्यमा सुशासन कायम गर्न, समन्वय र सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सहज हुने देखिन्छ । माथि उल्लेखित सुझावहरु लाई अक्षरांस लागुगर्न सकियो भने शिक्षाको गुणस्तरमा सुधार हुने देखिन्छ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, जनप्रतिनिधि र अभिभावकहरु समेत लाई सशक्तिकरण गर्न सकेको खण्डमा विद्यालयको गुणस्तर कायम भई शिक्षा क्षेत्रमा आमुल परिवर्तन हुने कुरामा दुईमत छैन ।

अत: संविधान मार्फत स्थानिय तहलाई प्राप्त आधारभुत तथा माध्यामिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धि अधिकारको प्रभावकारी प्रयोग गर्ने र अनुगमन, नियमन, मूल्यांकन लाई थप सशक्त र व्यवस्थित बनाई विद्यमान शिक्षा सम्बन्धि कानुनहरुको कार्यन्वयन गरेको खण्डमा सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थामा सुधार आई ती विद्यालयहरुबाट गुणस्तरिय शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

अनुसूची १

दरबन्दी तथा विद्यार्थी विवरण २०८०

| क सं | विद्यालयको नाम | ठेगाना | वडा नं | संचालन कक्षा | जम्मा विद्यार्थी संख्या | माध्यमिक | | | | निम्नमाध्यमिक | | | | प्राथमिक | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दरबन्दि | राहत | अनुदान | जम्मा | दरबन्दि | राहत | अनुदान | जम्मा | दरबन्दि | राहत | जम्मा | |
| १ | भैरवी आधारभुत विद्यालय | बेलखोला | १ | ०–८ | ८६ | | | | ० | | | १ | १ | १ | १ | २ | ३ |
| २ | कृष्ण प्राथमिक विद्यालय | खहरेखोला | १ | ०–५ | ३६ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ३ | प्रभाकर माध्यमिक विद्यालय | देवस्थल | १ | ०–१२ | ७२१ | | ३ | | ३ | | ३ | | ३ | ५ | | ५ | ११ |
| ४ | गंगा प्राथमिक विद्यालय | नाम्रा | १ | ०–५ | १३ | | | | ० | | | | ० | | २ | २ | २ |
| ५ | जनता प्राथमिक विद्यालय | बस्नेउरा | १ | १–५ | ४५ | | | | ० | | | | ० | ३ | | ३ | ३ |
| ६ | शैक्षिक जनचेतना प्रा वि | माल्पे | १ | ०–३ | २० | | | | ० | | | | ० | | २ | २ | २ |
| ७ | अमर सहिद गंगालाल प्रा वि | पानीखोला | १ | ०–५ | ६९ | | | | ० | | | | ० | १ | २ | ३ | ३ |
| ८ | गंगा प्राथमिक विद्यालय | अम्रा | १ | १–५ | १३ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ९ | जनकल्याण प्राथमिक विद्यालय | राइरा | २ | १–५ | ५८ | | | | ० | | | | ० | १ | | १ | १ |
| १० | आधारभुत विद्यालय | लाहाघाट | २ | ०–१७ | ८३ | | | | ० | | | १ | १ | २ | १ | ३ | ४ |
| ११ | बाशुका प्राथमिक विद्यालय | फल्तेपानी | २ | ०–५ | ५० | | | | ० | | | | ० | १ | | १ | १ |
| १२ | आधारभुत विद्यालय | घर्तीगाउँ | २ | ०–८ | १८३ | | | | ० | | | १ | १ | २ | २ | ४ | ५ |
| १३ | भगवती प्राथमिक विद्यालय | बाहुनगाउँ | २ | ०–३ | २४ | | | | ० | | | | ० | | | ० | ० |
| १४ | शारदा आधारभुत विद्यालय | क्युरेनी | ३ | ०–८ | १३४ | | | | ० | | | १ | १ | २ | १ | ३ | ४ |
| १५ | जनता प्राथमिक विद्यालय | खरीके | ३ | १–३ | २८ | | | | ० | | | | ० | | | ० | ० |
| १६ | बालज्योती प्राथमिक विद्यालय | पाट्के | ३ | १–५ | ६३ | | | | ० | | | | ० | | २ | २ | २ |
| १७ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | पोखरा | ३ | ०–५ | ६६ | | | | ० | | | | ० | १ | १ | २ | २ |
| १८ | मुक्ति माध्यमिक विद्यालय | हिलेपोखरी | ३ | ०–१२ | ५७५ | | २ | | २ | | ३ | | ३ | २ | १ | ३ | ८ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सरस्वती प्राथमिक विद्यालय | फुर्केसल्ली | ३ | ०–५ | ६३ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| २० | बाललिला प्राथमिक विद्यालय | देउली | ४ | १–३ | ७ | | | | ० | | | | ० | | | ० | ० |
| २१ | ध्रुवतारा प्राथमिक विद्यालय | च्युरा | ४ | ०–५ | २६ | | | | ० | | | | ० | १ | | १ | १ |
| २२ | जनता प्राथमिक विद्यालय | रोकागाउँ | ४ | १–५ | ४९ | | | | ० | | | | ० | १ | १ | २ | २ |
| २३ | जय नेपाल आ वि | गर्चे | ४ | ०–८ | १३४ | | | | ० | | २ | | २ | २ | १ | ३ | ५ |
| २४ | अमर प्राथमिक विद्यालय | काफलपानी | ४ | ०–५ | ५२ | | | | ० | | | | ० | | २ | २ | २ |
| २५ | जनता प्राथमिक विद्यालय | डोप्के | ४ | ०–५ | ३६ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| २६ | लक्ष्मी प्राथमिक विद्यालय | मैनेनी | ५ | १–३ | २४ | | | | ० | | | | ० | | २ | २ | २ |
| २७ | भगवती आधारभुत विद्यालय | खैरागार | ५ | ०–८ | १७६ | | | | ० | | | १ | १ | ३ | | ३ | ४ |
| २८ | सरस्वती आधारभुत विद्यालय | लाँखर | ५ | ०–८ | २०५ | | | | ० | | | १ | १ | १ | २ | ३ | ४ |
| २९ | रामजानकी प्राथमिक विद्यालय | राउचे | ५ | ०–५ | १०७ | | | | ० | | | | ० | | ३ | ३ | ३ |
| ३० | त्रिभुवन जनता माध्यमिक विद्यालय | शंखपिपल | ५ | ०–१२ | १०३२ | ५ | २ | ८ | १५ | २ | १ | | ३ | ३ | १ | ४ | २२ |
| ३१ | जनता प्राथमिक विद्यालय | काराकोट | ६ | १–५ | ६५ | | | | ० | | | | ० | | २ | २ | २ |
| ३२ | कालिका प्राथमिक विद्यालय | कालागाउ | ६ | ०–५ | ६७ | | | | ० | | | | ० | ३ | १ | ४ | ४ |
| ३३ | सरस्वती प्राथमिक विद्यालय | सुनौली | ६ | ०–५ | ७६ | | | | ० | | | | ० | १ | | १ | १ |
| ३४ | भैरवी प्राथमिक विद्यालय | डुडाखोला | ६ | १–३ | ९ | | | | ० | | | | ० | २ | | २ | २ |
| ३५ | राधा आधारभुत विद्यालय | भलाखर्क | ६ | ०–८ | १८४ | | | | ० | | | १ | १ | ३ | १ | ४ | ५ |
| ३६ | बुद्ध प्राथमिक विद्यालय | गैरीकटेरी | ७ | ०–५ | ३२ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ३७ | लक्ष्मी प्राथमिक विद्यालय | मैदुपोखरी | ७ | ०–५ | ५६ | | | | ० | | | | ० | १ | २ | ३ | ३ |
| ३८ | बाल कल्याण प्राथमिक विद्यालय | सिम्तिगैरा | ७ | ०–५ | ५६ | | | | ० | | | | ० | | ३ | ३ | ३ |
| ३९ | कृष्ण माध्यमिक विद्यालय | संग्रही | ७ | ०–१० | ३५७ | ४ | १ | | ५ | ३ | | | ३ | २ | १ | ३ | ११ |
| ४० | जीवनज्योती प्राथमिक विद्यालय | रम्चाउन | ७ | ०–५ | ७१ | | | | ० | | | | ० | १ | | १ | १ |
| ४१ | बाल सरस्वती प्राथमिक विद्यालय | पाखापानी | ७ | ०–५ | १५ | | | | ० | | | | ० | ३ | | ३ | ३ |
| ४२ | नवज्योती माध्यमिक विद्यालय | अर्धेरी | ८ | ०–१० | ४४५ | | | २ | २ | | १ | | १ | २ | १ | ३ | ६ |
| ४३ | दिपेन्द्र प्राथमिक विद्यालय | कौछे | ८ | १–५ | ५१ | | | | ० | | | | ० | २ | | २ | २ |
| ४४ | कुर्पिण्डेश्वरी प्राथमिक विद्यालय | चारखुवा | ८ | १–५ | १७१ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | महादेव प्राथमिक विद्यालय | ज्यामिरे | ८ | –५ | ५५ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ४६ | प्रतिभा माध्यमिक विद्यालय | जयतपानी | ९ | ०–१० | २२३ | | | १ | १ | | १ | | १ | १ | २ | ३ | ५ |
| ४७ | अमर प्रकाश प्राथमिक विद्यालय | गिठाचौर | ९ | ०–५ | ५२ | | | | ० | | | | ० | १ | २ | ३ | ३ |
| ४८ | काफलगैरी प्राथमिक विद्यालय | सेरा | ९ | ०–३ | २२ | | | | ० | | | | ० | | | ० | ० |
| ४९ | जनकल्याण आधारभुत विद्यालय | स्वारा | ९ | ०–८ | २०५ | | | | ० | | | १ | १ | ३ | १ | ४ | ५ |
| ५० | दिपसृजना प्राथमिक विद्यालय | साधनबास | १० | १–४ | २० | | | | ० | | | | ० | १ | | १ | १ |
| ५१ | प्रेमज्योती प्राथमिक विद्यालय | पराजुल | १० | ०–३ | २४ | | | | ० | | | | ० | | | ० | ० |
| ५२ | आधारभूत विद्यालय | थापाचौर | १० | ०–६ | १०१ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ५३ | भगवती आधारभुत विद्यालय | माझकाडा | १० | ०–८ | १८४ | | | | ० | | | १ | १ | २ | १ | ३ | ४ |
| ५४ | शिव प्राथमिक विद्यालय | खानीगाउँ | १० | १–३ | ३९ | | | | ० | | | | ० | १ | | १ | १ |
| ५५ | महेन्द्र माध्यमिक विद्यालय | आँपचौर | ११ | ०–१० | ३५९ | | २ | | २ | २ | १ | | ३ | २ | २ | ४ | ९ |
| ५६ | लक्ष्मी प्राथमिक विद्यालय | लक्ष्महाले | ११ | ०–५ | ४८ | | | | ० | | | | ० | १ | २ | ३ | ३ |
| ५७ | नवज्योती प्राथमिक विद्यालय | पाँचारे | ११ | ०–५ | ५८ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ५८ | भानुभक्त प्राथमिक विद्यालय | खनियाखर्क | ११ | ०–५ | ३५ | | | | ० | | | | ० | ३ | | ३ | ३ |
| ५९ | भेरी आधारभूत विद्यालय | गरामा | ११ | ०–८ | १४० | | | | ० | | | १ | १ | ३ | | ३ | ४ |
| ६० | सिद्देश्वरी माध्यमिक विद्यालय | माझखर्क | १२ | ०–१० | २६२ | | २ | | २ | २ | १ | | ३ | ३ | १ | ४ | ९ |
| ६१ | दुर्गा देवी प्राथमिक विद्यालय | भदाले | १२ | ०–५ | ५१ | | | | ० | | | | ० | २ | १ | ३ | ३ |
| ६२ | गोब्राही प्राथमिक विद्यालय | दुरुमखोला | १२ | ०–५ | ३९ | | | | ० | | | | ० | ३ | | ३ | ३ |
| ६३ | अन्धविशिनी प्राथमिक विद्यालय | बस्नेउरा | १२ | ०–५ | ४२ | | | | ० | | | | ० | २ | २ | ४ | ४ |
| ६४ | सरस्वती प्राथमिक विद्यालय | चौर | १२ | ०–५ | ५९ | | | | ० | | | | ० | | ३ | ३ | ३ |
| ६५ | दलित जनता प्राथमिक विद्यालय | ताल | १२ | १–३ | १९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | | | | ७८६० | ९ | १२ | ११ | ३२ | ९ | १३ | १० | ३२ | ९८ | ६४ | १६२ | २२६ |

अनुसूची २

विद्यार्थि शिक्षक अनुपात माध्यमिक तह

| क सं | विद्यालयको नाम | ठेगाना | वडा नं | जम्मा विद्यार्थी संख्या | माध्यमिक | | | | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | दरबन्दि | राहत | अनुदान | जम्मा | |
| १ | प्रभाकर माध्यमिक विद्यालय | देवस्थल | १ | ४८८ | | ३ | | ३ | १६३ |
| २ | मुक्ति माध्यमिक विद्यालय | हिलेपोखरी | ३ | ३३१ | | २ | | २ | १६६ |
| ३ | त्रिभुवन जनता माध्यमिक विद्यालय | शंखपिपल | ५ | ७५४ | ५ | २ | ८ | १५ | ५०.३ |
| ४ | कृष्ण माध्यमिक विद्यालय | संग्रही | ७ | १४३ | ४ | १ | | ५ | २८.६ |
| ५ | नवज्योती माध्यमिक विद्यालय | अर्धेरी | ८ | ११६ | | | २ | २ | ५८ |
| ६ | प्रतिभा माध्यमिक विद्यालय | जयतपानी | ९ | ८७ | | | १ | १ | ८७ |
| ७ | महेन्द्र माध्यमिक विद्यालय | आँपचौर | ११ | ११६ | | २ | | २ | ५८ |
| ८ | सिद्देश्वरी माध्यमिक विद्यालय | माझखर्क | १२ | ७२ | | २ | | २ | ३६ |
| | जम्मा | | | २१०७ | ९ | १२ | ११ | ३२ | ६६.२ |

अनुसूची ३

विद्यार्थि शिक्षक अनुपात आधारभूत तह कक्षा ६– ८

| क सं | विद्यालयको नाम | ठेगाना | वडा नं | जम्मा विद्यार्थी संख्या | निम्नमाध्यमिक | | | | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | दरबन्दि | राहत | अनुदान | जम्मा | |
| १ | भैरवी आधारभुत विद्यालय | बेलखोला | १ | ४२ | | | १ | १ | ४२ |
| २ | प्रभाकर माध्यमिक विद्यालय | देवस्थल | १ | १८२ | | ३ | | ३ | ६०.७ |
| ३ | आधारभुत विद्यालय | लाहाघाट | २ | २४ | | | १ | १ | २४ |
| ४ | आधारभुत विद्यालय | घर्तीगाउँ | २ | ८८ | | | १ | १ | ८८ |
| ५ | शारदा आधारभुत विद्यालय | क्युरेनी | २ | ६६ | | | १ | १ | ६६ |
| ६ | मुक्ति माध्यमिक विद्यालय | हिलेपोखरी | ३ | १६६ | | ३ | | ३ | ५५.३ |
| ७ | जय नेपाल आ वि | गर्चे | ४ | ५९ | | २ | | २ | २९.५ |
| ८ | भगवती आधारभुत विद्यालय | खैरागार | ५ | ५७ | | | १ | १ | ५७ |
| ९ | सरस्वती आधारभुत विद्यालय | लाँखर | ५ | ७६ | | | १ | १ | ७६ |
| १० | त्रिभुवन जनता माध्यमिक विद्यालय | शंखपिपल | ५ | २२१ | २ | १ | | ३ | ७३.७ |
| ११ | राधा आधारभुत विद्यालय | भलाखर्क | ६ | ७४ | | | १ | १ | ७४ |
| १२ | कृष्ण माध्यमिक विद्यालय | संग्रही | ७ | १४६ | ३ | | | ३ | ४८.७ |
| १३ | नवज्योती माध्यमिक विद्यालय | अधेँरी | ८ | २५३ | | १ | | १ | २५३ |
| १४ | प्रतिभा माध्यमिक विद्यालय | जयतपानी | ९ | ७८ | | १ | | १ | ७८ |
| १५ | जनकल्याण आधारभुत विद्यालय | स्वारा | ९ | ८५ | | | १ | १ | ८५ |
| १६ | आधारभूत विद्यालय | थापाचौर | १० | ७ | | | | ० | ###### |
| १७ | भगवती आधारभुत विद्यालय | माझकाडा | १० | ६४ | | | १ | १ | ६४ |
| १८ | महेन्द्र माध्यमिक विद्यालय | आँपचौर | ११ | ११२ | २ | १ | | ३ | ३७.३ |
| १९ | भेरी आधारभूत विद्यालय | गरामा | ११ | ५८ | | | १ | १ | ५८ |
| २० | सिद्देश्वरी माध्यमिक विद्यालय | माझखर्क | १२ | १२५ | २ | १ | | ३ | ४१.७ |
| | जम्मा | | | १९८३ | ९ | १३ | १० | ३२ | ६२ |

अनुसूची ४

विद्यार्थी, शिक्षक अनुपात आधारभूत तह कक्षा १– ५

| क सं | विद्यालयको नाम | ठेगाना | वडा नं | विद्यार्थी संख्या | प्राथमिक | | | विद्यार्थि शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दरबन्दि | राहत | जम्मा | |
| १ | भैरवी आधारभुत विद्यालय | बेलखोला | १ | ३५ | १ | १ | २ | १७.५ |
| २ | कृष्ण प्राथमिक विद्यालय | खहरेखोला | १ | २७ | २ | १ | ३ | ९.० |
| ३ | प्रभाकर माध्यमिक विद्यालय | देवस्थल | १ | ४८ | ५ | | ५ | ९.६ |
| ४ | गंगा प्राथमिक विद्यालय | नाम्रा | १ | १३ | | २ | २ | ६.५ |
| ५ | जनता प्राथमिक विद्यालय | बस्नेउरा | १ | ४५ | ३ | | ३ | १५.० |
| ६ | शैक्षिक जनचेतना प्रा वि | माल्पे | १ | १२ | | २ | २ | ६.० |
| ७ | अमर सहिद गंगालाल प्रा वि | पानीखोला | १ | ५० | १ | २ | ३ | १६.७ |
| ८ | गंगा प्राथमिक विद्यालय | अम्रा | १ | १३ | २ | १ | ३ | ४.३ |
| ९ | जनकल्याण प्राथमिक विद्यालय | राइरा | २ | ५८ | १ | | १ | ५८.० |
| १० | आधारभुत विद्यालय | लाहाघाट | २ | ४२ | २ | १ | ३ | १४.० |
| ११ | बाशुका प्राथमिक विद्यालय | फल्तेपानी | २ | ४० | १ | | १ | ४०.० |
| १२ | आधारभुत विद्यालय | घर्तीगाउँ | २ | ८१ | २ | २ | ४ | २०.३ |
| १३ | भगवती प्राथमिक विद्यालय | बाहुनगाउँ | २ | १६ | | | ० | #छ्न्/0! |
| १४ | शारदा आधारभुत विद्यालय | क्युरेनी | ३ | ५४ | २ | १ | ३ | १८.० |
| १५ | जनता प्राथमिक विद्यालय | खरीक | ३ | २८ | | | ० | #छ्न्/0! |
| १६ | बालज्योती प्राथमिक विद्यालय | पाट्के | ३ | ६३ | | २ | २ | ३१.५ |
| १७ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | पोखरा | ३ | ५१ | १ | १ | २ | २५.५ |
| १८ | मुक्ति माध्यमिक विद्यालय | हिलेपोखरी | ३ | ६१ | २ | १ | ३ | २०.३ |
| १९ | सरस्वती प्राथमिक विद्यालय | फुर्केसल्ली | ३ | ५० | २ | १ | ३ | १६.७ |
| २० | बाललिला प्राथमिक विद्यालय | देउली | ४ | ७ | | | ० | #छ्न्/0! |
| २१ | ध्रुबतारा प्राथमिक विद्यालय | च्युरा | ४ | २० | १ | | १ | २०.० |
| २२ | जनता प्राथमिक विद्यालय | रोकागाउँ | ४ | ४९ | १ | १ | २ | २४.५ |
| २३ | जय नेपाल आ वि | गर्चे | ४ | ५९ | २ | १ | ३ | १९.७ |
| २४ | अमर प्राथमिक विद्यालय | काफलपानी | ४ | ४१ | | २ | २ | २०.५ |
| २५ | जनता प्राथमिक विद्यालय | डोप्के | ४ | ३३ | २ | १ | ३ | ११.० |
| २६ | लक्ष्मी प्राथमिक विद्यालय | मैनेनी | ५ | २४ | | २ | २ | १२.० |
| २७ | भगवती आधारभुत विद्यालय | खेरागार | ५ | ९९ | ३ | | ३ | ३३.० |
| २८ | सरस्वती आधारभुत विद्यालय | लाँखर | ५ | ८९ | १ | २ | ३ | २९.७ |
| २९ | रामजानकी प्राथमिक विद्यालय | राउचे | ५ | ८५ | | ३ | ३ | २८.३ |
| ३० | त्रिभुवन जनता माध्यमिक विद्यालय | शंखपिपल | ५ | २९ | ३ | १ | ४ | ७.३ |